# आ.व.-२०७६/०७७ को बजेट बक्तव्य

प्रतापपुर गाउँपालिकाको चौथो गाउँ सभाका सभाध्यक्षज्यु,यस सभामा उपस्थित गाउँ सभाका सम्पुर्ण सभासद् ज्युहरू म यहाँहरू सबैलाई हार्दिक अभिवादन गदै आ. व.२०७६/०७७ को आय-व्ययको बजेट पेश गर्ने अनुमति चाहन्छु ।

आदरणीय सभाध्यक्ष ज्यु,

१. नेपालमा तीनै तहको सरकार गठन भईसकेको छ । नेपाली जनता सार्वभौमसत्ता सम्पन्न छन् । स्थानीय निर्वाचन मार्फतजनप्रतिनिधिहरूले स्थानीय तह संचालन गरेको पनि ३ वर्ष हुँदैछ । स्थानीय तहमा अधिकार, जिम्मेवारी तथा श्रोत साधन सम्पन्न स्थानीय सरकारको गठन भएको छ । यस शिलशिलामा एकातिर स्थानीय तहमा जनताको चाहाना अनुसार जनताकै घरदैलोमा जनतालाई सेवा सुविधा पुगाउनु पर्नेछ । अर्कोतर्फ आर्थिक सामाजिक भौतिक लगायतका सबै क्षेत्रको उन्नति गर्दै सन्तुलित विकासका माध्यमबाट समृद्धिको मार्गमा प्रस्थान गर्नुपर्ने महत्वपूर्ण जिम्मेवारी स्था( नीय सरकारका सामु आएको छ । यी र यस्तै जिम्मेवारी बहनको अवस्थामा प्रतापपुर गाउँपालिकाको आ. व. २०७६/०७७ को आय-व्ययको बजेट यस प्रतापपुर गाउँपालिकाको गरिमामय चौथो गाउँ सभामा प्रस्तुत गर्न पाउँदा म आफु गौरवान्वित भएको महसुस गरेकी छु ।

२. शासन व्यवस्थामा जनताको अधिकार स्थापित गराउनु लोकतन्त्र र स्वतन्त्रताको रक्षाको लागि आफ्नो जीवन उत्सर्ग गरी इतिहासका विभिन्न कालखण्डमा भएका आन्दोलनहरूमा वीरगति प्राप्त गरि नयाँ पिढिलाइ मार्गनिर्देश गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहीदहरू प्रति म हार्दिक सद्धासुमन अर्पण गर्न चाहन्छु । साथै नेपालको लामो राजनैतिक संक्रमणकाललाई नेपाली राजनेताहरूले आपसी सहकार्य, समन्वय र साझेदारीका माध्यामबाट तिनै तहको निर्वाचन मार्फत लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न सफल भएकोमा सम्पुर्ण राजनेताहरूलाई यस घडीमा स्मरण गर्दछु ।

३. यस गाउँपालिका भित्र वसोवास गरिरहेका भुमिहिन, अति गरीव, विपन्न र दलित समुदायको आर्थिक सामाजिक विकास गरी विकासको मार्गमा मुलप्रवाहीकरण गर्नका लागि न्यायोचित र सन्तुलित तवरले विकासका कामहरू गर्नुपर्ने अवस्था विद्यमान रहेको छ ।

४. हजारौ वर्षदेखि उपेक्षित उत्पीडित अवस्थामा रहेका दलित, महिला, तेस्रो लिंगि, आदिवासी जनजाति, थारू, मुस्लिम, मधेसी लगायतका समुदायहरूको शसक्तिकरण र क्षमता विकासका कामहरूमा लगानी बढाउनु पर्ने अवस्था विद्यमान रहेको छ ।

५. कृषि योग्य भुमिमा सिचाईको प्रर्याप्त सुविधा नहुँनु, उत्पादित नगदे बालीको समयमा भुक्तानी हुन नसक्दा कृषि तथा पशुपालन व्यवसयाय बाट कृषक तथा कृषि उद्यमीहरुले आफ्नो उत्पादन र उत्पादकत्व बृद्धि गरी प्रयाप्त लाभ लिन सकिरहेका छैनन् । यसका लागि कृषि तथा पशुपालन क्षेत्रको सन्तुलित विकास र विस्तारलाई प्राथमिकताका साथ अधि वढाउनु पर्ने आवश्यक्ता रहेको छ । अर्को तर्फ पर्यटन र बनमा आधारित घरेलु, साना तथा कुटिर उद्योगको विकासबाट रोजगारी एवं आयआर्जनका अवसर हरूको सृजना गर्न पनि उत्तिकै आवश्यक देखिन्छ ।

६. संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र आन्तरिक श्रोतको प्रभावकारी रूपमा परिचालन गरी बन तथा वातावरण, पर्यटन, शिक्षा, स्वास्थ्य, खानेपानी, एकीकृत सहरी विकास, उद्योग व्यापार लगाएत विभिन्न क्षेत्रको सन्तुलित विकासलाई एकैसाथ समानान्तर रूपमा अधि वढाउनु अहिलेको प्राथमिकता र आव( श्यकता देखिएको छ ।

७. गाउँपालिकाबाट उपलब्ध हुने विभिन्न किसिमका सेवाहरूलाई ९ वटा वडा कार्यालयको स्थापना गरी सम्बन्धित वडा कार्यालयहरूबाट नै सेवा प्रदान गर्न सकिएको अवस्था छैन । वडा कार्यालयहरूको आफ्नै कार्यालय भवन नभएका तथा जिर्ण अवस्थामा रहेका हुदा कार्यालय संचालन गर्नुपर्दा पर्याप्त कार्यलय कक्षहरू, बैठक कक्ष, स्टोर लगाएतको स्थानको अभावका कारण कार्य संपादनका असहजता र कठिनाइ उत्पन्न भएको छ ।

८. स्थानीय सरकार संचालन ऐन अनुसार न्यायिक समितिले गर्ने फैसलाको अभिलेखिकरण कार्य र न्यायिक समितिमा आवश्यक दक्ष जनशक्तिको अभावका कारण प्रभावित भएको अवस्था रहेको छ ।

९. बजेटका प्रचलित सिद्धान्त, मुल्य एवं मान्यताहरूलाई आत्मसाथ गरी तथा नेपाल सरकार संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयबाट जारी गरिएको स्था( नीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) को अनुशरण गर्दै आ. व. २०७६/०७७ को यो बजेटको खाका तयार गरिएको छ । नेपालको

संविधान र स्थानीय सरकार संचालन ऐन–२०७४मा उल्लेखित राज्यका मार्गनिर्देशक सिद्धान्त तथा नीतिहरू, मौलिक हकहरू, चौधौ राष्ट्रिय योजनाका प्राथमिकताहरू, दिगो विकासका लक्ष्य तथा नेपाल सरकार र प्रदेश सरकारको आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रम र बजेट नीतिलाई समेत आधार मानी स्थानीय आवश्यक्ता र जनचाहाना अनुरूप Buttom to Top Approach एवं सहभागितात्मक तथा पारदर्शी पद्धतिबाट यो बजेट तर्जुमा गरिएको छ ।

१२. आ. व. २०७६/०७७ को यस बजेटका मुख्य उद्देश्यहरू यस प्रकार रहेका छन् ।

- स्थानीय पुर्वाधारहरूको विकास र विस्तार गर्ने
- सुचना प्रविधिमैत्रि गाउँ बनाउने
- धार्मिक सम्पदा तथा लोपोन्मुख सांस्कृतिक हरूको संरक्षण गर्ने
- रोजगारी तथा स्वरोजगारीको श्रृजना गर्ने
- स्वास्थ्य क्षेत्रको सवलीकरण एवं स्तरीकरण गर्ने
- उत्पादन र उत्पादकत्व बृद्धि गर्ने
- प्रतापपुर गाउँपालिकाको पहिचान स्थापित हुने खालका तथा गौरबका योजनाहरू सञ्चालन गर्ने
- कृषिको आधुनिकीकरण व्यावसायीकरण र यान्त्रिकीकरण गर्ने
- गाउँपालिकाका सबै वडाहरूमा स्तरीय सडकमार्गको विस्तार गर्ने
- पर्यटन पुर्वाधारको विकास र प्रवर्धन गर्ने
- शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ सेवाको अभिवृद्धि गर्ने
- सुशासन प्रवर्द्बन गर्ने ।
- राजस्वको दायरा बढाउने ।
- वातावरण संरक्षण तथा सरसफाइ प्रवर्द्धनमा ध्यान दिने ।
- पर्यटकीय क्षेत्रको संभाव्यता अध्ययन गरि लगानीका लागि उपयुक्त वातावरण सृजना गर्ने ।
- कृषि, पशुपालन तथा जडिबुटी उत्पादन, संरक्षण तथा बजारीकरणलाई प्रवर्द्धन गर्ने ।

- लक्षित वर्ग हित अनुकूल हुने कार्यक्रम संचालन गर्ने ।
- मौलिक साहित्य, संगीत तथा कलाको संरक्षण प्रवर्द्धन गर्ने ।

१३. आ व २०७६/०७७ को यस बजेटका प्राथमिकताका आधारहरू यस प्रकार रहेका छन् ।

- आर्थिक विकास र गरीवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने
- उत्पादनमूलक तथा छिटो प्रतिफल दिने
- बालमैत्रि स्थानीय शासनमा सहयोग पुर्याउने
- राजस्व परिचालनमा योगदान पुर्याउने
- स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागितामा अभिबृद्धि गर्ने
- लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अभिबृद्धि गर्ने
- दीगो विकास वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्याउने
- समुदायलाई विपद तथा जलबायु परिवर्तन उत्थानशील बनाउने
- विगतमा सञ्चालनमा आएका तथा अधुरा रहेका योजना पुरा गर्ने
- सेवा प्रवाह संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने
- समुदायलाई विपद तथा जलबायु परिवर्तन उत्थानशील बनाउने
- स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने,
- स्थानीय तहले आवस्यक देखेका अन्य विषयहरू ।
- वडा समितिका सिफारिस ।

१४. आ. व. २०७६/०७७ को यस बजेटका प्रमुख चुनौतिहरू यस प्रकार रहेका छन् :

- जनताको विकास प्रतिको तीव्र महत्वाकांक्षा र सिमित श्रोत साधन
- राजस्व परिचालनमा कठिनाई
- प्राकृतिक विपद तथा प्रकोप
- दरवन्दी अनुसारको कर्मचारी नभएको
- कमजोर संस्थागत क्षमता

- युवा बेरोजगारलाई व्यवस्थापन गर्नु
- उपभोक्ताहरूको जनसहभागिता तथा योजनामा अपनत्वमा कमि
- वर्षेनी हुने खोला नालाको कटान र डुबानलाई दिगो तटबन्धनको व्यवस्था गर्नु
- अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्नु
- अव्यवस्थित बसोबासबाट हुने फोहोरमैलालाई व्यवस्थित गर्नु
- जनताको बढ्दो चाप र मागलाई आवश्यकता अनुसार सम्बोधन गर्नु
- विषयगत कार्यालयहरूलाई व्यवस्थापन गरी प्रशासनिक सेवालाई सरलीकृत गर्नु
- अशिक्षा, बेरोजगार र चेतनाको अभावबाट उत्पन्न दुर्व्यसनी र यसले समाजमा पारेको असरलाई न्यूनीकरण गर्नु ।
- नदीजन्य पदार्थको गैरकानुनी रूपमा हुने चोरी निकासीलाई नियन्त्रण गर्नु ।

१५. आ. व. २०७६/०७७ को यस बजेटका लागि प्रमुख संभावनाहरू यस प्रकार रहेका छन् ।

- राजस्वको क्षेत्र र दायरा विस्तार
- विकासमा उल्लेख्य जनसहभागिता
- आन्तरिक तथा बाह्य पर्यटन व्यवसायको संभावना
- स्वास्थ्य सेवा, शिक्षा तथा व्यापारिक केन्द्र
- कृषि तथा पशुपालनमा बजारीकरणको संभावना
- विकासमा जनसहभागिता र लागत साझेदारी गर्न सकिने

आदरणीय सभाध्यक्ष ज्यु ,

अव म गत आ. व. २०७५/०७६ को संसोधित आय व्यय र आ. व. २०७६/०७७ को अनुमानित आय-व्यय बजेट प्रस्तुत गर्न चाहन्छु ।

१६. आ.व.२०७५/०७६ मा राजस्वको लक्ष्य **रू. ८८,५०,०००।-**(अठासी लाख पचास हजार) मा चालु आवको आषाढ मसान्त सम्म राजस्व संकलन **रू ६४,००,०००।-** चौसठी लाख रूपैया ) हुने संसोधित अनुमान रहेको छ । यो रकम कुल लक्ष्यको ७२ प्रतिशत रहने आंकलन गरिएको छ ।

१७. चालु आ.व.मा चालु खर्चतर्फ **रू. ३३,८८,०३,५४६।–** (तैतिस करोड अठासी लाख तिन हजार पाच सय छयालिस) र पुंजिगत तर्फ **रू.२२,६२,३५,३७८।–** (बाइस करोड बैसठी लाख पैतिस हजार तिन सय अठहत्तर मात्र) विनियोजन भएकोमा अषाढ मसान्त सम्म विनियोजित बजेटको ९० प्रतिशत खर्च हुने संसोधित अनुमान गरिएकोछ ।

१८. आ. व. २०७६/०७७ का लागि राजस्व तर्फ राजस्व परामर्श समितिको सिफरिसमा कुल **रू १०००००००।–** (एक करोड) को लक्ष्य राखिएको छ। आ. व. २०७६/०७७ का लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, नेपाल सरकार अर्थ मन्त्रालयबाट प्राप्त बजेट अख्तियारी अनुसार सशर्त अनुदान तर्फ **रू. १७,३२,००,०००।–** (सत्र करोड बत्तिस लाख लाख), वित्तीय समानीकरण अनुदान तर्फ **रू. १३,६७,००,०००।–** (तेहेर करोड सतसठ्ठी लाख) र राजश्व बाँडफाँड बाट **रू. ९८२२९०००।–** (नौ करोड बयासी लाख उन्नत्तिस हजार) र प्रदेश सरकारबाट प्राप्त बजेट अख्तियारी अनुसार सशर्त अनुदान तर्फ **रू.८००००००।–** (असी लाख), वित्तीय समानीकरण अनुदान तर्फ **रू. ४७६७०००।–** (सच्चालिस लाख सतसठ्ठी हजार), राजश्व बाँडफाँड बाट **रू.८१११०००।–** ( एकासी लाख एगारह हजार), नेपाल सरकार बाट बहुक्षेत्रिय पोषण कार्यक्रमको लागी प्राप्त हुने बिषेश अनुदान **रू १६,३४,०००।** (स्रोह लाख चौतीस हजार मात्र) र प्रदेश सरकार बाट ग्रामीण विकास कार्यक्रमको लागी प्राप्त हुने बिषेश अनुदान **रू ५२०००००।** (बाबन्न लाख मात्र) गरेको छु । यस्तै चालु आ.व.को विभिन्न अनुदान शीर्षकमा प्राप्त भएको निकासा रकममा हाँल सम्म खर्च नभई बाँकी रहन गएको मौज्दात रकम **रू ४८२०२२२२.७०।–** (चार करोड बयासी लाख दुई हजार दुइ सय बाइस रूपैया सत्तरी पैसा मात्र ) भएकोमा यी सबै शीर्षकहरू अषाढ ३० गते सम्म भुक्तानी गर्ने गरी आ. व. २०७६/०७७ को कुल बजेट **रू ५०,९९,४४,०००.००** (अक्षेरूपी रूपैयाँ पचास करोड उनान्सय लाख चवालिस हजार मात्र)हुने अनुमान गरेकी छु ।

१९. आ.व. २०७६/०७७ को कुल अनुमानित बजेट मध्ये चालु खर्च तर्फ **रू ३०६९९४४४।–** तिस करोड उनहत्तरी लाख चौवालिस हजार चार सय चौवालिस ।) पुजिगत खर्च तर्फ **रू. २०२९४९५५६।–** (बिस करोड उन्नतिस लाख उन्नपचास हजार पाच सय छपन्न ) विनियोजन गरिएको छ । कुल विकास तथा पुजिगत बजेटको क्षेत्रगत वि( नयोजन निम्न अनुसार रहेको छ ।

- कार्यालय संचालन तथा प्रशासनिक तर्फ रू ११,९४,०८,३३४
- आर्थिक विकास तर्फ रू २,३५,६१,२२३
- पुर्वाधार विकास तर्फ  रू १७,८३,३२,६६७
- सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ रू ४९,७८,५५५
- सामाजिक विकास तर्फ रू १८,३६,६३,२२१

२०. संघिय सरकारबाट प्राप्त सशर्त अनुदान बजेट रू. १७,३२,००,०००।– (सत्र करोड बत्तिस लाख लाख) र प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान तर्फ रू.८००००००।– (असी लाख), को बजेटमा कार्यक्रम, क्रियाकलाप तथा बजेट सहितको सशर्त कार्यक्रमलाई यथावत बजेटमा समावेश गरिएको छ ।

२१. गाउँपालिकाको गौरवका कार्यक्रम अर्न्तगत शुरू भएका सबै योजनाहरूका लागि आव(श्यक बजेट विनियोजन गरिएको छ । यसका साथै सबै गाउँ बस्ती तथा टोलहरूमा सडक पुग्नेगरी आवश्यक बजेट प्रस्ताव गरेकी छु । यस्तै गाउँपालिकाको प्रशासनीक भवन तथा वडा नं. ५ र ८ को कार्यालय भवन निर्माण को लागि आवश्यक रकम विनियोजन गरिएको छ ।

२२. कार्यालयमा स्वकृती दरबन्दिमा कार्यरत कर्मचारीहरूलाई संघिय निजामति कर्मचारीहरूको तलब स्केललाई आधार मानी आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२३. मध्यम कुपोषित बच्चाहरूको लागी सर्वोत्तम पिठो वितरण को लागी आवश्यक बजेट को व्यवस्था गरेको छु ।

२४. कृषि र पशुपालन व्यवसायको विकास, सेवा प्रवाह तथा विस्तार एवं प्रवर्धनका लागि आवश्यक रकम विनियोजन गरिएको छ ।

२५. सबै क्षेत्रको सन्तुलित विकास होस भन्ने उदेश्यले शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, खेलकूल, संस्कृति, पर्यटन लगाएतका सबै क्षेत्रको विकासका लागि आव(श्यक्ता अनुसार बजेट विनियोजन गरिएको छ ।

२६. समाजमा उपेक्षित र उत्पीडित अवस्थामा रहेका तथा लक्षित वर्गहरू महिला, बालबालिका, दलित, आदिबासी जनजाति, मधेशी, मुश्लिम, जेष्ठ नागरिक, अपाङ्ग र एकल महिला लगाएतको सशक्तीकरण र विकासका लागि आवश्यक रकम वि(नयोजन गरिएको छ ।

२७. प्रदेश सरकारको प्रदेश कानुन बमोजिम जनप्रतिनिधिहरूलाइ सेवासुविधाका साथै स्था( नीय स्रोत बाट व्ययभार पर्ने गरी सम्पुर्ण पदाधिकारीहरूलाई मासिक रू २,५००।- का दरले थप सुविधा उपलब्ध गराउन आवश्यक बजेटको ब्यवस्था गरिएको छ ।

२८. राज्यको चौथो अंग संचार जगतको उच्च सम्मान गर्दै यस वर्ष प्रतापपुर गाउँपालिकामा संचारकर्मिहरूको क्षमता अभिवृद्धिको लागी आवश्यक बजेट विनियोजन गरिएको छ ।

२९. न्यायिक समितिको काम कारवाहीलाई ब्यवस्थित र प्रभावकारी रूपमा बनाउनका लागि आवश्यक बजेटको ब्यवस्थापन गरिएको छ ।

३०. हरेक वर्ष बाढी तथा डुबान एव गण्डक नहरका कारण पानीको प्राकृतिक वहाव थुनिदा समेत धेरै धनजनको क्षति हुने गरेको दुखद अवस्थालाई मनन गरी उद्धार तथा राहतका लागी आवश्यक रकम विनियोजन गरेको छु ।

३१. वातावरण संरक्षण, भू संरक्षण र हरियाली प्रवर्धनका माध्यमबाट गाउँ सौन्दर्य अभिवृद्धि गर्ने उद्देश्यले वृक्षारोपन, वन विकास, पार्क निर्माण, नर्सरी व्यवस्थापन लगाएतका कार्यका लागि रकम विनियोजन गरिएको छु ।

३२. स्वास्थ्य सेवालाइ थप प्रकावकारी बनाउनको लागी खोप लगाउन जाने स्वास्थ्य कर्मीहरूको लागी फिल्ड भत्ता र बर्थिङ्ग सेन्टर मा कार्यरत्त नर्सिङ्ग स्टाफहरूलाइ नाइट भत्ता को लागी आवश्यक बजेट को व्यवस्था गरेको छु ।

३३. बाल बिकास केन्द्रमा कार्यरत शिक्षिकाहरूको मनोवल उच्च राख्नको लागी थप सुविवधाको आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३४. जनताको प्रत्यक्ष सरोकारसंग संवन्ध राख्ने विषय जनताहरूलाई वडा कार्यालय तथा कार्यालयबाट दिइने सेवा प्रवाहलाई छिटो, छरितो ,चुस्त, दुरूस्त र प्रभावकारी बनाउन संस्थागत क्षमता विकास गर्न आवश्यक छ । अतः कार्यालय तथा वडा कार्यालयहरूको मर्मत सुधार कार्यालय फर्निचर, मेसिनरी, औजार उपकरण, सवारी साधन, अन्य भौतिक सामाग्रीहरू समेतको पर्याप्त व्यवस्था गर्न आवश्यक भएकाले यसका लागि आवश्यक बजेट विनियोजन गरिएको छ । यस्तै गरी कार्य संपादनमा प्रभावकारीता ल्याउन पदाधिकारीहरू तथा कर्मचारीहरूको क्षमता विकाससंग संवि( न्धत कार्यक्रमका लागि पनि रकम विनियोजन गरिएको छ ।

३५. कार्यालयलाई वढी भन्दा वढी सेवाग्राही मैत्री बनाउन विभिन्न उपायहरू अवलम्बन गरिनेछ । यसका लागि कार्यालयमा आगन्तुक तथा सेवाग्राहीहरूका लागि सफा

पिउने पानीको व्यवस्था, प्रतिक्षालय, विद्युतीय सूचना पाटी ,नागरिक सहायतता कक्ष टेलिभिजन, पंखा लगायतको व्यवस्था गरिनेछ ।

३७. आन्तरिक श्रोत परिचालन क्षमताको विकासबाट श्रोत साधनको बृद्धि गर्न राजस्व संकलनका लागि विभिन्न सरकारी गैह्रसरकारी संघ संस्था लगाएतसंग सहयोग लिई तथा सहकार्य गरी राजस्व संकलनलाई प्रभावकारी बनाई श्रोतको अभाव हुन नदिन करदाता शिक्षा, करदाता सम्मान लगाएतका विभिन्न कार्यक्रमहरू संचालन गरिने छ । यसै आ. व. बाट सम्पत्तिकर लागु र बहाल बिटौरी शुल्क लिई करको दायरा तथा क्षेत्र बृद्धि गरिनेछ ।

३८. श्रोतको सुनिश्चितता भएमा मात्र बजेटले अपेक्षा गरेका उपलब्धीहरू हासिल गर्न र गाउँपालिकाबासीहरूलाइ सेवा सुविधा उपलब्ध गराउन सकिने भएकाले लक्ष्य अनुसारको राजस्व संकलन हुन आवश्यक छ । अतः म यसै बजेट बक्तव्यमार्फत प्रतापपुर गाउँपालिकाका समस्त करदाताहरूमा समयमै तोकिएको कर रकम तिरी विकास तथा सेवा सुविधाको हकदार बन्न हार्दिक अपिल गर्दछु ।

३९. गाउँपालिकाबासीहरूका विकास प्रतिको चाहनाहरू बीच सिमित श्रोतसाधनबाट बजेट तयार गर्दा सबै चाहाना र आवश्यक्ताहरू एकैचोटी संवोधन गर्न सकिने अवस्था रहदैन । प्राथमिकता र आवश्यक्ताका आधारमा श्रोत साधनको उपलब्धता र सुनिश( चततालाई मध्यनजर गरी यो बजेट तथा कार्यक्रम तयार गरिएको छ । आवश्यक्ता र चाहनाहरू क्रमिकरूपमा निरन्तर पुरा हुदै जाने विषय हुन । अतः यस कुरालाई सकारात्मकरूपमा लिनुहुन म सबैमा हार्दिक अनुरोध गर्दछु ।

४०. बजेट तर्जुमा संगसंगै यसको कार्यान्वयन अर्को महत्वपुर्ण पाटो हो । लक्षित कार्यक्रमहरू समयमै प्रभावकारी रूपमा संचालनमा आउन सकेमा मात्र बजेटले अपेक्षा गरेको उपलबधी हासिल हुने भएकोले यस बजेटको प्रभावकारी कार्यान्वियनमा समय तालिका सहितको कार्यक्रम मागका लागि सम्वद्ध सबैमा म हार्दिक अनुरोध गर्दछु ।

४१. आन्तरीक स्रोत र गाउँपालिकाको आर्थिक अवस्थालाइ समेत ध्यानमा राख्दै कार्यरत कर्मचारीहरूलाई कार्यसम्पादनमा अधारीत प्रोत्साहनको व्यवस्था गर्न आवश्यक नि( तगत ब्यवस्था गरिने छ ।

४२. गाउँपालिका स्तरमा समुदायीक विद्यालय र संस्थागत विद्यालय बाट क्भ, द्यीभ्मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थिलाइ पुरस्कृत गर्ने कार्यको लागी बजेटको ब्यवस्था गरिएको छ ।

४३. मातृ तथा नवशिशु मृत्युदरलाइ मा कमी ल्याउने उदेश्यको लागी प्रोटोकल अनुसार गर्भ जाच तथा स्वास्थ्य संस्थामा प्रसुति गराउने सुत्केरी महिलाहरूको लागी रू २०००। को दरले सुत्केरी स्याहार खर्च उपलब्ध गराउन बजेटलाइ आ.ब २०७६/०७७ मा पनि निरन्तरता दिइएको छ ।

४४. विद्यार्थी अनुपातमा शिक्षक नपुगेका तथा अत्यावश्यक विद्यालयहरूको लागी विद्यालय सहयता रकमको ब्यवस्था गरि त्यस्ता विद्यालयलाइ सहायता उपलब्ध गराउन बजेटको ब्यवस्था गरिएको छ ।

सभाध्यक्ष महोदय,

माथि उल्लेख गरिएको आयोजनाहरू सम्वन्धित टोलरबस्ती हुदै वडा समितिवाट छनौट भई गाउँकार्यपालिका वैठकमा घनीभुत छलफल पश्चात पाँचवटा विषय क्षेत्रमा छुट्टाइ विनियोजन गरेकी छु । राजस्वको शिर्षकगत अनुमान विवरण, संचित कोषमा जम्मा हुने गरी विभिन्न स्रोतबाट प्राप्त हुने आय र व्ययको शीर्षकगत विवरणहरू अनुसुचिमा उल्लेख गरिएको छ ।

अन्तमा, बजेटको सफल कार्यान्वयनबाट मात्र हामी प्रतापपुर गाउँ बासीहरूले देखेको सपना पुरा हुने हुदा सरोकारबालाहरू सबैको प्रभावकारी भुमिका रहने कुरामा विश्वस्त छु । बजेट तर्जुमाको सुरूवाती प्रक्रियाबाट प्रस्तितकरणको चरणसम्म ल्याई पुर्याउन सहयोग गर्नुहुने सम्पुर्ण पदाधिकारीहरू, राजनैतीक दल, शुभेच्छुक लगायत कर्मचारीवर्गमा विशेष धन्यबाद दिन चाहन्छु ।

जय प्रतापपुर !

अन्जु कुमारी चौधरी
(उपाध्यक्ष)
प्रतापपुर गाउँपालिका